# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. ०८**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

यमबहादुर पल्लीको बुहारी भेषबहादुर पल्लीको पत्नी गुल्मी जिल्ला रुरु गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ३४ को लक्ष्मी पल्ली .............१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

चन्द्रनारायण श्रेष्ठको नाती निर बहादुर श्रेष्ठको छोरा दोलखा जिल्ला, च्यामा गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित तामाकोशी गाउँपालिका वडा नं. ६ भई काठमाडौं जिल्ला, चन्दागिरि नगरपालिका वडा नं. ९ बस्ने वर्ष ३५ को नगेन्द्र श्रेष्ठ ..........................................१

**वादीको साक्षी**

क) ..........................................................

**कागज प्रमाण**

१) नक्शा रु ट्रेशको फोटोकपी थान...........१

२) दर्ता नं. ६१७९/०७८/०८/२४ निवेदनको फोटोकपी थान .................१

३) ज.ध.प्र.पूर्जाको फोटोकपि थान ...........१

४) नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपी थान ..............................................१

**प्रतिवादीको साक्षी**

क) ..........................................................

**कागज प्रमाण**

१) घर निर्माण अस्थायी स्वीकृती नक्शापासको फोटोकपि थान.................................१

२) ट्रेश सहित सम्झौताको फोटोकपी थान . १

३) स्थलगत फोटोको फोटोकपी थान ........१

४) निवेदनको फोटोकपी थान .................१

५) च.नं. ३९७ पत्रको फोटोकपी थान ........१

६) नापी कार्यालयको रेखाङ्कन गरी प्रतिवेदन पेस गर्नुहुन विषयको पत्रको फोटोकपी थान .......................................१

७) सर्जमिन मुचुल्काको फोटोकपी थान .......१

८) कार्यालय प्रयोजन फर्मको फोटोकपी थान....१

९) वडा कार्यालयले सिफारिस गर्ने फर्मको फोटोकपी थान ...............................१

१०) च.नं. १०४४ पत्रको फोटोकपी थान .. १

११) नक्सा पासको लागि सूचना टाँच मुचुल्काको फोटोकपी थान .................१

१२) नक्सा पासको लागि संधियारको नाममा जारी भएको सूचनाको फोटोकपी थान ...१

१३) नक्शाको फोटोकपी थान.................. १

१४) जग्गा धनी दर्ता प्रमाण पूर्जा फोटोकपी थान ............................................ १

१५) भवन निर्माण अस्थायी ईजाजत पत्रको फोटोकपी थान ...............................१

१६) नेपाली नागरिकता प्रमाण पत्रकोफोटोकपी थान ............................................ १

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू :**

१) पूर्वाधार तथा प्रविधिक शाखाको प्रतिवेदन थान ............................................ १

**मुद्दा : नापी नक्सा बमोजिमको बाटो चलन चलाई गैह्र कानुनी घर निर्माण कार्य रोक्का गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ बमोजिमको आदेश सहित जो चाहिने आदेश गरी न्याय गरी पाउँ ।**

मु.नं. : ०२/१९ दर्ता मिति : २०७८/१०/०४

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१) उजुरीकर्ता लक्ष्मी पल्लीको नाउँमा काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. ८ङ को कि.नं. ४९८ को क्षेत्रफल ०-४-०-० जग्गाको दक्षिण पश्चिमतर्फको सधियार नगेन्द्र श्रेष्ठको नाममा दर्ता कायम रहेको ऐ.ऐ. वडाको कि.नं. ५१२ र ५२७ को जग्गासँग जोडिएको उल्लेखित जग्गाको बारेको बारेमा सँधियार सँग सोधपुछ गरी निश्चित भई बाटो र जग्गामा विवाद नरहेको देखिए पछि जग्गामा मैले चारै तिर किल्ला ठोकी सिमानामा छुट्याई मिति २०६७/०७/२० गतेका दिन दिवाकर भट्टराईसँग (र.नं. १९१८ ख) मार्फत खरिद गरी दा.खा नामसारी गरी लिएको हो । जग्गाको मालपोत, तिरोतिरान समेत गरी अविच्छिन्न रुपले भोगचलन गर्दै अएको छु । जग्गा खरिद गरी लिंदा आवत जावत गर्न नापी नक्सा दक्षिण पश्चिमतर्फबाट १३ फिट चौडाईको बाटो कि.नं. ५०० कायम भई

मेरो जग्गामा जोडिंएको थियो । जग्गाको सिमाना छुट्याउने पर्खाल लगाइएको थियो । मैले र मेरो पतिले खाईनखाई दु:ख मेहनत गरी घडेरीको लागि किनेको जग्गा भन्दा टाडा बस्ने हुँदा नजिक नभएको मैकाछोपी निजबाट भएको गलत कार्य रोकी न्याय पाउँ ।

२) बाध्य भइ चन्द्रागिरि नगरपालिकाको कार्यालय बलम्बुमा घर निर्माण कार्य रोक्काको लागि मिति २०७८/०८/२४ गतेका दिनमा लिखित निवेदन दर्ता (दर्ता नं. ६१७९) गराएको थिएँ । नगरपालिकाको आदेश समेत नमानी कि.नं. ५०० नापी नक्साको बाटो अतिक्रमण गरी १३ फिटको बाटोलाई ८ फिट हुने गरी बाटो मिचि निरन्तर घर निर्माण गरिरहनुभयो । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९, १०, १२, ८६, ४८, १७८ र मुलुकी देवानी संहिता, २०७४ को दफा ६, ७, ८, ९, १०, १३, २०(घ), (छ), २७६ (२), ३०६ र ३०७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ र चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐंन, २०७५ को दफा ७ को उपदफा क र दफा ९ समेतको अधिनमा रहि नेपालको संविधानको धारा २५ बमोजिम सर्वजनिक बाटो खुलाई खुलाई पाऊँ भनि वादीको उजुरी दावी ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

१) विपक्षीले उजुरी दावी लिनुभए जसरी मैले कि.नं. ५०० को जग्गालाई मिचेर घर निर्माण गरेको छैन । मैले जग्गा खरिद गरिलिंदा प्लटिङले बनाई दिएको फिल्ड अनुसार कि.नं. ५०० को बाटोले विपक्षीको उक्त उक्त कि.नं. ४९८ को जग्गालाई छोएको नभई मेरो ५२७ को जग्गामा मात्र छोएको छ । विपक्षीले प्लटिङको जग्गा मिति २०६७ सालमा र मैले सोही प्लटिङबाट २०७० सालमा लिएको हो । मिति २०७८/०७/२९ मा अस्थाई नक्शा पास स्वीकृति लिई डि.पि.सि. लेभल सम्म निर्माण सम्पन्न गरिसकेपछि विपक्षीले नगरपालिकमा मिति २०७८/०९/०१ गते निवेदन दिनु भएको रहेछ । गैह्र कानुनी तवरले बाटाको कि.नं. ५०० वापतको रकम माग गर्नु भएको हुँदा गैह्र कानुनी माग पुरा गर्न नसक्ने भएकोले विपक्षी सँग कुनै सहमतिहुन सकेन सोकुरा प्लटिङवालासँग विवाद समाधान गर्नुपर्नेमा म सँग उल्टै बैमनस्यता गर्ने नियतले जैरान भई नापी नक्सा, फिल्ड जग्गा सरेर नापी नक्सा बमोजिम उत्तर तर्फ फिल्ड सरेको कुरालाई नबुझी मलाई दु:ख हैरानी दिने नियतले झुठो दावी लिई दायर भएको हकदैया विहिन उजुरी खारेज गरी स्थाई भवन निर्माण इजाजत दिलाई पाउँ भन्ने व्यहोराको प्रतिउत्तरपत्र प्रतिवादीको प्रतिउत्तर जिकिर ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नापी नक्सामा कि.नं. ५०० बाटो देखिन्छ । मिति २०७८/०८/२४ मा निर्माण रोक्का गरी पाऊँ भनि निवेदन दिएको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

भवन निर्माण अस्थायी ईजाजत पत्र स्वीकृत भएता पनि नगरपालिकाबाट नक्सा र फिल्ड फरक परेकोले तत्काल घर निर्माण कार्य रोक्का गरि नगरपालिकामा हाजिर हुन पत्राचार गरिएको देखियो ।

**<u>दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :</u>**

पक्षको कानुन व्यवसायी राख्नु भएको छैन । निजले कि.नं. ५०० को नापी नक्शामा बाटो रहेको त्यहि बाटो भएर मेरो ४९८ को जग्गामा आउ जाउ गर्नबाट बन्चीत गर्ने नियतले अतिक्रमित बाटोको संरचना हटाई बाटो खुलाई पाउँ भनि कुरा राख्नु भयो ।

विपक्षीले कानुन व्यवसायी राख्नु भएको छैन । मैले यस पालिकाबाट तोकीएको घर निर्माण सम्पूर्ण मापदण्ड पुरा गरी निर्माण गरेकोले मबाट नगरपालिकाको नीति विरुद्धको कार्य नभएको जानकारी गराउँदछु ।

**<u>दुवै पक्ष बिचमा फरक परेको विषय :</u>**

पक्षहरू विचमा  कि.नं. ५०० बाटोको जग्गा अतिक्रमण गरी घर संरचना निर्माण गरेको हो, होइन ? भन्ने विषय फरक परेको देखिन आयो ।

## <u>निर्णय खण्ड</u>

नियमानुसार नियमित पेशी सूचिमा चढि इजलाश समक्ष पेश हुन आएको प्रस्तुत विवादको विषयमा नापी नक्सा बमोजिमको बाटो चलन चलाई गैह्र कानुनी घर निर्माण कार्य रोक्का गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ बमोजिमको आदेश सहित जो चाहिने आदेश गरी न्याय गरी पाउँ  कि.नं. ५०० बाटोको जग्गा अतिक्रमाण गरी घर संरचना निर्माण गरेको हो होइन ? भन्ने कुरामा मुख नमिलेको देखिंदा उक्त निर्णयमा पुग्नुपर्ने देखिन आयो । प्रस्तुत विवाद स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ को (१) देहाय (ठ) बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. ८ङ को कि.नं. ५०० को सार्वजनिक बाटो रहेको भनि मिति २०७९/०५/२६ गतेको प्रविधिक शाखाको प्रतिवेदनमा समेत उक्त विवादित कित्ता नम्बर नापी कार्यालयको नक्शाले वादी लक्ष्मी पल्लीको कि.नं. ४९८ लाई १० (दश) फिटको बाटोले छोएको भनि प्रष्ट देखिएकोले गर्दा मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ को देहाय (ख) र दफा ३०० को देहाय (क) बमोजिम प्रतिवादीले सार्वजनिक बाटोलाई मिचेर निर्माण गरेको घर संरचनाको भाग मात्र हटाई नापी नक्शा अनुसारको बन्द रहेको १० (दश) फिटको बाटो सार्वजनिक बाटो नियमित रुपमा सुचारु गराउने गराउने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## <u>तपसिल खण्ड</u>

(क) स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम विपक्षीलाई ३५ दिने काठमाडौं जिल्ला अदालतमा पुनरावेदनको म्याद सहित प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु । ........................................................................................................ १

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

(ख) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु। ...................................................................................................२

(ग) अतिक्रमण गरी सार्वजनिक बाटोमा घर संरचना निर्माण गरेको कि.नं. ५०० बाटोको जग्गा परेको घर संरचना हटाउन लाग्ने सम्पूर्ण खर्च संरचना धनिबाट नै भराई हटाउनु। ........................................................................................................ ३

(घ) सार्वजनिक बाटोको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु। ............................................................................................ ४

(ङ) महानगरिय प्रहरी वृत्त थानकोटबाट आवश्यक भएमा सुरक्षाकर्मी उपलब्ध गराउन निर्णयको प्रतिसहित जानकारी दिनु। ............................................................... ५

(च) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु। ... ६

२०७९।०६।२६

न्यायिक समितिका

संयोजक श्री बसन्ती श्रेष्ठ

सदस्य | सदस्य
श्री सीता मण्डल सत्याल | श्री रत्नलाल श्रेष्ठ

२०७९।०६।२६

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बतौला शर्मा

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

इति सम्वत् मिति २०७९ साल असोज महिना २६ गते रोज ०४ शुभम् ..................................